## मिति २०८२/१०/२५ गतेको कार्यपालिका निर्णयहरु

| क्र. श. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा। | आ.व २०८२/०८३ मा हाल सम्म योजनाहरुको कार्यान्वायनको प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो। |
| २ | संघीय समपूरक अनुदानको आयोजना प्रस्ताव सम्बन्धमा। | राष्ट्रिय योजना आयोगको मिति २०८२/०८/२६ गते प्रकाशित सूचना अनुसार आ.व. २०८३/०८४ मा सञ्चालन गरिने संघीय समपुरक अनुदान आयोजनाको लागि तपशील बमोजिमको प्रस्ताव पेश गर्ने निर्णय गरियो।<br>**समपुरक अनुदान तर्फः**<br>क. चनौटे - पाल्खु - गाउँपालिका केन्द्र सडक कालोपत्रे (आ.व. ०८१/०८२ बाट क्रमागत)<br>ख. सितागुफा – काफलडाँडा – ३नं वडा कार्यालय – सिरान्थर सडक कालोपत्रे कार्य<br>ग. शैलपुत्री मा वि छात्रावास निर्माण |
| ३ | संघीय विशेष अनुदानको आयोजना प्रस्ताव सम्बन्धमा। | राष्ट्रिय योजना आयोगको मिति २०८२/०८/२६ गते प्रकाशित सूचना अनुसार आ.व. २०८३/०८४ मा सञ्चालन गरिने संघीय विशेष अनुदान आयोजनाको लागि तपशील बमोजिमको प्रस्ताव पेश गर्ने निर्णय गरियो।<br>**विशेष अनुदान तर्फः**<br>क. गाउँपालिका स्तरीय आधारभूत अस्पतालका लागि उपकरण खरिद |
| ८ | **विविध।** | ***क)*** यस बारपाक सुलिकोट गाउँपालिका वडा नं. २ (साविक बारपाक गा.वि.स. वडा नं. ८)मा निर्माणधिन आयोजना “बारपाक ढल निकास तथा प्रशोधन गृह” निर्माण प्रयोजनका लागि जग्गा |

| | | |
|---|---|---|
| | | अधिग्रहण गर्नुपर्ने भएकाले, जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ (क) बमोजिम बारपाक सुलिकोट गाउँपालिकाको नाममा प्राप्ति गर्ने प्रक्रिया अगाडि बढाई दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौँमा लेखी पठाउने निर्णय गरियो ।<br><br>ख) यस बारपाक सुलिकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयार पार्दा वर्गीकरण छुट भएको कित्ता जग्गाको सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम जग्गा धनीको कित्ता जग्गाको भू-उपयोग क्षेत्रको वर्गीकरण गर्ने निर्णय गरियो ।<br><br>ग) पर्यटन प्रवर्धनका लागि यस बारपाक सुलिकोट गाउँपालिका वडा नं २ स्थित राङरूङ् सोती झरना दरौदी नदिको किनार बगरमा, बारपाक हुदैँ रुविनाला – नारद पोखरी - बौद्ध हिमाल हिमालचुली ग्रेट लेक सर्किट ट्रेल प्रवेश गर्ने पर्यटकहरुको सहजिकरण एवं सो ट्रेलको प्रवेश गरे वापत प्रवेश शुल्क लिनका लागि “पर्यटक सूचना एवं सेवा केन्द्र” स्थापना गरी निजि क्षेत्रको साझेदारीमा संचालन गर्ने निर्णय गरियो ।<br><br>घ) निजि क्षेत्रको साझेदारीमा पर्यटक सूचना एवं सेवा केन्द्र संचालन गर्नका लागि इच्छुक यस बारपाक सुलिकोट गाउँपालिकाको बासिन्दाहरु बाट दरखास्त पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।<br><br>ङ) यस गाउँपालिका वडा नं ४ जौवारीमा अवस्थित श्री सिद्धार्थ मा.वि.को स्वर्ण महोत्सवका लागि रु.२ लाख विनियोजन गरिएकोमा विद्यालयको निवेदन र खर्चको आवश्यकतालाई मध्येनजर गर्दै ***जनप्रतिनिधि एवं कर्मचारी अवलोकन भ्रमण*** शिर्षकबाट रु. ४ लाख थप गरि रु.६ लाख भुक्तानी दिने निर्णय गरियो |



